‘कोटा बाहेक थप रासायनिक मल ल्याउन पहल गर्छौं’-उपप्रमुख गोपाली । पृष्ठ ४ मा

प्रेस काउन्सिलबाट ‘क’ वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

● मकवानपुर, वर्ष-१५, ● अंक-२१ ● २०७९ मंसिर १९ गते सोमबार, ● 05 Dec. 2022, ● नेपाल सम्वत्-११४३, ● पृष्ठ-६, ● मूल्य रु. १०/-



## हेटौंडामा कित्ताकाट खुल्यो



◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिकाले जग्गा वर्गीकरणसम्बन्धी प्रतिवेदन स्वीकृत गरेको छ । योसँगै अब जग्गा कित्ताकाट गर्न बाटो खुलेको छ । उपमहानगरको २२ मंसिरमा बसेको स्थानीय भू-उपयोग परिषद्को बैठकले जग्गा वर्गीकरणसम्बन्धी प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरेको हो ।

जग्गाको वर्गीकरण गरेर मात्रै कित्ताकाट खोल्न भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको निर्देशनपछि उपमहानगरले उक्त प्रक्रिया अघि बढाएको थियोरू। सरकारले गत जेठमा जारी गरेको भूउपयोग नियमावलीमा वर्गीकरणपछि मात्रै जग्गा कित्ताकाट गर्न सकिने व्यवस्था छ । जसको अधिकार स्थानीय तहलाई दिइएको छ । स्थानीय तहले भू-उपयोग परिषद् खडा गरी त्यसकै निर्णयका आधारमा जग्गाको विशेषताअनुसार १० वर्गमा बाँड्न सकिने नियमावलीमा उल्लेख छ । उपमहानगर प्रवक्ता सविन न्यौपानेका अनुसार परिषद्को २०७९ असार ४ को बैठकले भू-उपयोग क्षेत्र वर्गीकरण कार्य अघि बढाउने निर्णय गरेको थियो । २० असारमा वर्गीकरण कार्यलाई सहजीकरण गर्न ६ सदस्यीय कार्यदलसमेत गठन भयो । कार्यदलले सबै वडाहरूको समन्वयमा भेला राखी प्रतिवेदन तयार पारी भदौ ८ मा नगरमा पेस गर्‍योरू। प्रतिवेदनमाथि सम्बद्ध शाखा र महाशाखाले अध्ययन गरी थप परिमार्जन गरेको थियो । उक्त प्रतिवेदनमाथि सरोकारवाला र नगरवासीको राय, प्रतिक्रिया र सुझाव लिन भदौ १७ मा १५ दिने सार्वजनिक सूचना प्रकाशन गरेको थियो । असोज २६ मा जिल्लास्थित नापी र मालपोत कार्यालयलाई प्रतिवेदनमाथि राय, प्रतिक्रियाको लागि पत्राचार गरिएकोमा असोज २८ मा सुझाव प्राप्त भएको प्रवक्ता न्यौपानेले जानकारी दिए । 'प्रतिवेदनमाथि छुटपुट राय, प्रतिक्रिया वा समावेश गर्नुपर्ने विषय भए पेश गर्ने प्रयोजनको लागि ३ दिनको समयावधि तोकी पुनः वडा कार्यालयहरूलाई पत्राचार गरिएको थियो,’ उनले भने, 'त्यसबाट प्राप्त सुझावसहितको प्रतिवेदन स्वीकृतिका लागि असोज ३० मा परिषद्को बैठकमा पेस भएको हो ।’

हाल स्वीकृत प्रतिवेदनको सम्पूर्ण विवरण नापी विभाग, प्रदेश भू-उपयोग परिषद् र संघीय भू-उपयोग परिषद् पठाइने प्रवक्ता न्यौपानेले बताए । 'जग्गा वर्गीकरणसम्बन्धी प्रतिवेदन कानुन बमोजिम स्थानीय पत्रपत्रिका र पालिकाको वेबसाइटमा समेत राख्छौं,’ उनले भने । अब भू-बनोट, भूमिको क्षमता तथा उपयुक्तता, भूमिको मौजुदा उपयोग र आवश्यकतासमेतका आधारमा कृषि, आवासीय, व्यावसायिक, औद्योगिक, खानी तथा खनिज, वन, नदी, खोला, ताल, सिमसार, सार्वजनिक उपयोग, सांस्कृतिक तथा पुरातात्विक महत्वलगायत क्षेत्रमा वर्गीकरण हुने उनले स्पष्ट पारे । 'त्यस्तो वर्गीकरणपछि कानुनले निर्देश गरे अनुसारको जग्गामा कित्ताकिट गर्न कुनै रोकतोक रहने छैन,’ उनले भने ।

## थाहानगरमा रासायनिक मलको हाहाकार

# जनप्रतिनिधिहरु दौडधुप गर्दै

विकास संवाददाता
थाहानगर

खेतीपाती लगाउने बेलामा मकवानपुर थाहानगरका किसानहरूले रासायनिक मल नपाएपछि किसान आन्दोलित छन् भने जनप्रतिनिधिहरू मल भित्र्याउन दौडधुपमा छन् । किसानका लागि सहज रासायनिक मलको आपूर्तिकालागि थाहानगर प्रमुखसहितको टोलीले बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्र प्रसाद पाण्डेसंग भेटेर छलफल गरेको छ ।

थाहा नगरपालिकाका प्रमुख विष्णु बहादुर बिष्ट नेतृत्वको उप प्रमुख भरत गोपाली र किसानहरूसहितको टोलीले मुख्यमन्त्री पाण्डे, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय बागमती प्रदेशका सचिव डा. शरण कुमार पाण्डे, मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्र देव पाण्डेलाई हेटौंडामा भेटी बेमौसमी तरकारी उत्पादनको पकेट क्षेत्रमा रासायनिक मलको अभावका कारण उत्पन्न समस्या समाधान गर्नको लागि आग्रह गरेको हो । भेटमा थाहा नगरपालिकाका प्रमुख बिष्टले थाहानगरमा एकै सिजनमा तीन पटकसम्म तरकारी उत्पादन हुने भएकोले प्रदेश सरकारले निर्धारण गरेको कोटाले मात्रै नपुग्ने भएकोले मलको बितरण प्रणालीलाई पुनः बिचार गर्न अनुरोध गरे ।

यसैबिच थाहा नगरपालिकाका उपप्रमुख भरत गोपालीले कृषकको आवश्यक्तालाई मध्येनजर गरी सहज रूपमा रासायनिक मल उपलब्ध गराउन अनुरोध गरे । छलफलकै क्रममा बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्र प्रसाद पाण्डेले रासायनिक मल सहज रूपमा उपलब्ध गराउन पहल गर्ने प्रतिक्रिया दिए । उनले थाईल्याण्डको एक कम्पनीसंग बागमती प्रदेशमै रासायनिक मलको कारखाना स्थापना गर्नकोलागि पहल भईरहेको समेत बताए ।

बागमती प्रदेश कृषि तथा पशुपंक्षी बिकास मन्त्रालयका सचिव डा. शरण कुमार पाण्डेले थाहानगरको लागि थप रासायनिक मलको आपूर्ति गरि पहिलो प्राथमिकतामा राखि बितरण गर्ने ब्यवस्था गर्ने बताए । छलफलका क्रममा थाहा नगरका अगुवा कृषकहरूले रासायनिक



मल बिना कृषि कार्य असम्भव भएको भन्दै सहजरूपमा मल प्राप्त हुन नसके आन्दोलन गर्नुको बिकल्प नभएको बताए । सहजरूपमा रासायनिक मलको आपूर्तिका लागि पहल तथा छलफलमा थाहा नगरपलिकाका निवर्तमान प्रमुख लवशेर बिष्ट, समाजसेवी बिष्णु प्रसाद ढकाल, थाहा नगरपालिका कृषि विकास शाखा प्रमुख सञ्जय तिवारी र थाहा नगरका अगुवा कृषकहरू, कृषि सामग्री कम्पनी लि. बागमती प्रदेश प्रमुख प्रकाश ज्ञावली, साल्ट ट्रेडिङ कर्पोरेशन हेटौंडाका लेखापाल मधुसुदन अधिकारी लगायतको उपस्थिति रहेको थियो ।

## थाहानगरका किसान आन्दोलित

मकवानपुरको थाहा नगरपालिकामा रसायनिक मल नपाएको भन्दै किसानहरू आन्दोलित भएका छन् । थाहानगरको खेतबारीमा आलु रोप्ने बेला भएको भन्दै किसान आन्दोलन संघर्ष समिति थाहानगरले मलको अभाव हटाउन नगरपालिका मार्फत सरकार लाई दबाब दिन जुटेको छ । १५ मंसिरमा नगरपालिका परिसरमा समितिको नेतृत्वमा किसानहरूले मल मागेर धर्ना दिएका हुन् ।

समयमै मल नआउँदा आलु लगाउन समस्या हुने भन्दै नगरपालिकाले तत्काल समस्या समाधान गर्न किसानहरूले माग गरेका छन् । किसानहरूको धर्नामा थाहाका नगर प्रमुख विष्णुबहादुर विष्टसमेत सहभागी थिए । उनले मल आपूर्तिका लागि आफूले निरन्तर पहल गरिरहेको जानकारी दिए । नगरपालिकाले मल अभाव हुन नदिने भन्दै किसानलाई प्रतिबद्धता जनाएका छन् । रसायिनक मल अभाव हुँदा किसानहरूलाई वैज्ञानिक परीक्षण नभएका तथा सम्बन्धित निकायले प्रमाणीकरण नगरिएका गुणस्तरहीन मलको बाध्यात्मक ढंगबाट प्रयोग गर्नुपर्ने जुन असहज परिस्थिति छ । स्थानीय तहले मल आपूर्तिमा ध्यान नदिएको किसानहरूले आरोप लगाएका छन् । सरकारबाट निश्चित मूल्य निर्धारण गरिएका युरिया, डिएपी जस्ता र सायनिक मलहरू तेब्बर मूल्य तिरेर खरिद गर्नुपर्ने बाध्यता परेको किसानहरूले गुनासो गरेका छन् । थाहा नगरपालिकामा माघ महिनाको पहिलो हप्तादेखि आलु लगाउनु सिजन सुरू हुनेछ । त्यतिबेला प्रति किसान ६ बोरादेखि १५ बोरासम्म मल आवश्यक पर्ने देखिएको छ । तर, हालकै मल अभावले माघमा आलु लगाउदा ठूलो समस्या हुने स्थानीय किसान सानुबाबु मोक्तान बताउँछन् ।

किसानहरूका अनुसार मल अभावलाई टार्न थाहामा समानुपातिक मल वितरणले किसानहरूले पर्याप्त मल नपाउने देखिएको हो । प्रति किसानले १० किलो मल मात्रै पाउँदा टोक्नु न बोक्नु हुने किसानहरू बताउँछन् । समयमै मल ल्याएर किसानहरूलाई आवश्यकता र औचित्यको आधारमा मल बाँडफाँड गर्नुपर्ने माग उनीहरूले गरेका छन् । 'कुन ठाउँमा कति आवश्यक पर्छ, तत्कालको आवश्यकतालाई सम्बोधन गर्दै छोटो समयमा आपूर्ति व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।’ प्रकाशित प्रेस विज्ञप्तिमा भनिएको छ ।



प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

## • सम्पादकीय •

### प्लाष्टिक प्रयोग सम्बन्धी सचेताना आवश्यक

नेपालको पहाडमा सन् १९९० देखि मात्र प्लाष्टिकको प्रयोग बढ्न थालेको हो । बितेका ३२ वर्षमा नेपालमा प्लाष्टिकको प्रयोगमा अत्यधिक बृद्धि भएको छ । प्लाष्टिकजन्य सामग्रीहरु जस्तै– झोला, पानीका तथा अन्य पेय पदार्थका बोतलहरु, कप, थाली आदिको प्रयोगका कारण पर्यावरणीय मात्र होइन जैविक समस्याहरु पनि निम्त्याएको छ । सुर्ती, भोला, गुट्खा, चुरोट आदिमा प्रयोग गरिएका प्लाष्टिकहरु जथाभावी झ्याँक्दा घाँससँगै गाईवस्तुले प्लाष्टिक खाएर मरेका पशुहरुको आन्द्रामा प्लाष्टिक भेटिँदा थाहा हुने गरेको छ । सगरमाथा आरोहण क्षेत्रदेखि जल र जमिनसमेत अत्यन्त प्रदूषित भएका छन् । खोलामा प्लाष्टिक, खेत खन्दा प्लाष्टिक, वनजंगलमा प्लाष्टिक जहाँतहीँ भेटिने गरेको छ । तर यो समस्याप्रति जुनसुकै सरकारको ध्यान जान सकेको छैन । खानेकुराको प्याकिङदेखि विभिन्न सामानहरुको प्याकिङमा प्लाष्टिक प्रयोग हुने गरेको छ । फोहोरमैला प्राविधिक सहयोग केन्द्रले सन् २००४–२००८ र २०१२ मा गरेको अध्ययन अनुसार नेपालमा झ्याँक्ने गरिएको फोहोरमा प्लाष्टिकको प्रतिशत क्रमशः ७, ८ र ११ थियो । तर अहिले त १० लाख भन्दाबढी प्लाष्टिकका झोला काठमाडौंमा मात्र दैनिक प्रयोगमा आउने कुरा एक अध्ययनले देखाएको छ । जस अनुसार नेपालमा दैनिक २०४ टन प्लाष्टिकजन्य फोहोर उत्पादन हुन्छ । त्यसमध्येमा १३१ टन प्लाष्टिकजन्य फोहोर मात्र डम्पिङसाइटमा जाने गर्दछ । बाँकी फोहोर छितरिएर जल, जमिन र जंगललाई प्रदूषित गराइरहेको छ । एकातिर प्लाष्टिकजन्य सामग्रीहरुको जथाभावी प्रयोग भइरहनु अर्कोतिर त्यसको व्यवस्थापनमा प्रभावकारी काम नहुँदा पर्यावरणीय समस्या थप जटिल बन्दै गएको छ । प्लाष्टिकको प्रकोपको समस्या हाम्रो देशको मात्र नभएर विश्वव्यापी समस्या पनि हो ।

करिब १५ वर्ष अगाडि नालीमा प्लाष्टिकका झोला तथा बोतलहरु थुप्रिन जाँदा नाली बन्द भएपछि बंगलादेशको राजधानी ढाका शहर डुबानमा परेको थियो । त्यसपछि बंगलादेशमा प्लाष्टिकको प्रयोगलाई निषेध गरियो । तर यो निषेधको निर्णय दीर्घकालसम्म टिकाउ भएन । नेपालमै पनि करिव २५ वर्ष अगाडि नै हेटौंडा नगरपालिकाले प्लाष्टिक निषेधको निर्णय गरेको थियो । शुरुमा कार्यान्वयन भए पनि विस्तारै पुनः प्लाष्टिकका झोलाहरु प्रयोगमा ल्याउन थालियो । त्यसैगरी अन्य देश र स्थानको अनुभवले पनि प्लाष्टिकको प्रयोग निषेध भन्दा व्यवस्थापन गर्ने नीतिमा जोड दिनपर्ने आवश्यकता देखिन्छ । विश्वका विकसित मुलुकहरुले निषेध भन्दा व्यवस्थापनमा नै जोड दिएको देखिन्छ । त्यसकारण नेपालले पनि केन्द्र सरकारले निर्णय गरेर स्थानीय तह मार्फत व्यवस्थापनको वैज्ञानिक नीति अवलम्वन गर्न आवश्यक छ । प्लाष्टिकको प्रयोगलाई पूर्णरुपमा निषेध गर्न नसकिएला तर कम प्रयोग र प्रयोग भएकोलाई व्यवस्थापन गर्न जरुर सकिन्छ ।

नेपाल सरकारले कम प्रयोग र व्यवस्थापनको एउटा प्रारुप बनाउन नितान्त जरुरी छ । भन्सार विभागको एउटा तथ्यांक अनुसार नेपालले करिव २२ अर्ब मूल्यको प्लाष्टिकजन्य पदार्थ विदेशबाट आयात गर्दछ । ६ अर्ब त राज्यलाई प्लाष्टिकजन्य पदार्थको आयातबाट कर असुली हुँदोरहेछ । प्लाष्टिकजन्य पदार्थबाट धेरै चीज बन्ने हुनाले यसलाई पूर्णरुपमा निषेध गर्न सकिन्न तर प्रयोग घटाउन र विकसित मुलुकहरुले जस्तै व्यवस्थापन गर्न सकिन्छ । त्यसका लागि सरकारले प्रथमतः प्लाष्टिकका झोला उत्पादन गर्ने कम्पनीहरुलाई पटक–पटक प्रयोगमा ल्याउन सकिने टिकाउ झोला बनाउन प्रोत्साहन गर्नुपर्दछ । दोस्रो, विदेशबाट हुने आयातलाई न्यूनीकरण गर्नुपर्छ भने तेस्रो जनचेतना अभिबृद्धिका कार्यक्रमहरु सञ्चालन भइरहनु जरुरी छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७–६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७–४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७–६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७–६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७–५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७–४०००२९ |

# आणुवंशिक परिवर्तन गरिएका विउविजन खतरनाक



लोकनारायण सुवेदी

आइपिसिसीको प्रतिवेदनले रासायनिक मल, आणुवंशिक परिवर्तन गरिएका (जनेटेकल्ली मोडिफाइड–जिएम) र वर्णशंकर (हाइब्रिड) बिउवीजनको प्रयोग तथा सिँचाइ सुविधाका कारण विगतका तुलनामा खाद्यान्न उत्पादन बढे पनि अझै ठूलो जनसंख्याका लागि अपर्याप्त भएको औँल्याएको छ । प्रतिवेदनअनुसार सन् १९६० को तुलनामा हाल विश्वव्यापी खाद्य आपूर्ति ३० प्रतिशतले बढेको छ ।

सन् १९९० को तुलनामा अन्न उत्पादन १ सय १२ प्रतिशतभन्दा अधिकले बढे पनि हामीकहाँ उत्पादित खाद्यान्नले नपुगेर वार्षिक डेड खर्ब रूपैयाँ बराबरको अन्न आयात गरिरहेका छौँ, यो निकै चिन्तालाग्दो विषय हो । कुल अन्नमध्ये विगत ३० वर्षमा धानको उत्पादन ६० प्रतिशतले, गहुँको उत्पादन २ सय १६ प्रतिशतले, मकै उत्पादन १ सय ४४ प्रतिशतले, कोदोको उत्पादन २९ प्रतिशतले बढेको छ । ०४६/४७ मा धानका कुल उत्पादन ३५ लाख २ हजार मेट्रिक टन रहेकोमा आव ०७५/७६ मा ५६ लाख १० हजार मेट्रिक टन पुग्यो । यसैगरी गहुँ उक्त वर्ष ८ लाख ३५ हजार टन उत्पादन भएकोमा आव ०७५/७६ मा २० लाख ३६ हजार टन पुग्यो । यस्तै, मकै ०४६/४७ मा १२ लाख ३० हजार टन उत्पादन भएकोमा आव ०७५/७६ मा २६ लाख ४४ हजार टन पुग्यो भने कोदो ०४६/४७ मा दुई लाख ३१ हजार टन उत्पादन भएकोमा आव ०७५/७६ मा तीन लाख टन पुग्यो । यसका बाबजुद हामीकहाँ उत्पादित खाद्यान्नले नपुगेर आर्थिक वर्ष ०७५/७६ मा ५१ अर्ब ८० करोड रूपैयाँ बराबरको अन्न आयात गर्‍यौँ, जसमध्ये ३२ अर्ब ५९ करोड रूपैयाँको चामल–धान र कनिका थियो । भन्सार विभागका तथ्यांक हेर्ने हो नेपालले सबै किसिमका सग्ला अन्न मात्र नभई तिनका कनिका, ढुटोसमेत आयात गरिरहेको देखिन्छ ।

यता निकै वर्षदेखि विश्वका अधिकांशजसो किसानहरूको संकटको एउटा ठूलो कारण उनीहरूको आत्मनिर्भरता र स्वाबलम्बनमा ठूलो स्खलन आउनु हो । यसले गर्दा उनीहरू कृषिको कुनै नयाँ प्रविधिलाई अपनाउनुका साथै रासायनिक कीटनाशक, झार पातनाशक, रासायनिक मलखाद, बाहिरी बिउवीजनका सामग्रीहरूमाथि अत्यधिक निर्भर बन्न गएका छन् र बनाइँदैछन् । उनीहरूले यो परनिर्भरतालाई यस अपेक्षाकासाथ स्वीकार गरेका थिए कि यसले उनीहरूलाई आर्थिक समृद्धिको दिशामा लैजानेछ । तर आरम्भका केही वर्षमा सफलताजस्तो देखिए पनि केही वर्षमै उनीहरूको भूमिको उर्वरतामाथि यी रासायनिक तत्वहरूको बढ्दो प्रतिकूल असर देखिन थाल्यो । अनि थप महँगो प्रविधिको बोझले हैरान तुल्याउन थाल्यो ।

विशेषगरी यसले गर्दा साना किसानहरू त ऋणको भारले ठूलो मारमा पर्दै गए । बालीनालीका नयाँ जातमा लाग्ने नयाँ किसिमका रोगहरू र कीराहरूले पनि अझ बढी उनीहरूलाई हैरान पार्दै लग्यो । एकातिर आधार भूतरूपमा किसानहरू यस्ता नकारात्मक अनुभवहरूबाट गुज्रिरहेका थिए भने त्यही ठुल्ठूला बहुराष्ट्रिय कम्पनीहरूको स्तरमा यस्ता प्रयासहरू चलिरहेका थिए कि किसानहरूमाथि आफ्नो नियन्त्रण अझ बढ्न जाओस् । यसरी नियन्त्रण बढाउने प्रमुख माध्यम र साधन कृषिका बिउवीजनलाई बनाइयो । किनभने बिउमाथिको नियन्त्रणले पूरै खेती–किसानीमाथि नियन्त्रण हुनसक्छ ।

अतः ठूला कम्पनीहरूले बिउको क्षेत्रमा आफ्नो नाफाका लागि खुट्टा पसार्न सुरू गरे । पहिला यो बिउवीजनको क्षेत्रमा धेरैजसो साना कम्पनीहरू नै देखापर्ने गर्दथे । तर अब विश्व स्तरका ठूला बहुराष्ट्रिय कम्पनीहरूले त्यस्ता ससाना कम्पनीहरूलाई किन्न सुरू गरे र सबैलाई मातहतमा लिए ।

जुन ठूला कम्पनीहरू यस क्षेत्रमा आए ती पहिलादेखि नै कृषि रसायनहरू, विशेषगरी विषादी कीटनाशहरू झारपात नाशकहरू आदिको उत्पादनमा लागेका थिए । यसरी अहिले बिउ उद्योग तथा कृषि रसायन उद्योगहरू एउटै किसिमका कम्पनीहरूको हातमा केन्द्रिकृत हुन थाल्यो । यसबाट के खतरा पैदा भयो भने कम्पनीले यस्ता बिउवीजन मात्र तयार गर्दछ जुन तिनले प्रयोग गरेका रासयनिकहरू अनुकूल हुन्छन् र यसरी तिनले बिउवीजनलाई आफ्ना रसायन बेच्ने माध्यम बनाउँदछन् । विभिन्न यस्ता ठूला कम्पनीलाई लाग्यो कि आफ्ना विभिन्न उद्देश्यहरू प्राप्त गर्नका लागि जस्तो कि बिउ बनाउने कुरा त्यो उनीहरूको रासायनिक बिक्रीको अनुकूल होस्, उनीहरूलाई जेनेटिक इन्जिनियरिङबाट धेरै मद्दत मिल्न सक्छ । अनि ती कम्पनीहरूले जेनेटिक इन्जिनियरिङमा ठूलो स्तरमा लगानी गर्न आरम्भ गर्दछन् । यही 'जनेटिक इन्जिनियरिङबाट प्राप्त बालीनालीलाई संक्षेपमा जिएम(जेनेटिकल्ली मोडिफाइड) बालीनाली भनिन्छ ।

जिएम बालीनालीको विरोधको एउटा प्रमुख आधार के हो भने ती बालीनालीहरू स्वास्थ्य तथा पर्यावरणका दृष्टिले सुरक्षित छैनन्, हुँदैनन् । अनि यसको असर जेनेटिक प्रदुषणको माध्यमले अन्य समान्य बालीनाली तथा बोटबिरूवामा पनि फैलिँदै जान सक्छ । यस कुरालाई 'इन्डिपेन्डेन्ट साइन्स प्यानेल' (स्वतन्त्र विज्ञान मञ्च) ले बहुत सारगर्भित किसिमले व्यक्त गरेको छ । यस प्यानलमा जम्मा भएका विश्वका विभिन्न देशका प्रतिष्ठित वैज्ञानिकहरू तथा विशेषज्ञहरूले जिएम बालीनालीका विषयमा महत्वपूर्ण दस्ताबेज तयार गरेका छन्, जसको निष्कर्षमा उनीहरूले भनेका छन्, 'जिमए बालीनालीका बारेमा लाभको जुन कुरा गर्ने गरेको थियो त्यो प्राप्त हुन सकेन र भएन अनि यी बालीनालीले खेतबारीमा बढदो समस्या नै उपस्थित गरिरहेका छन् । अब यस बारेमा ब्यापक सहमति छ कि यस्ता बालीनालीको प्रसार हुँदा 'ट्रान्सजेनिक प्रदूषण'बाट बच्न सकिँदैन । अत जिएम बालीनाली तथा गैर जिएम बालीनालीको सहअस्तित्व हुन सक्तैन ।'

सबभन्दा महत्वपूर्ण कुरा अर्को के छ भने जिएम बालीनालीको सुरक्षा या सेफ्टी प्रमाणित हुन सकेको छैन । यसको विपरीत बरू यस्ता पर्याप्त प्रमाण प्राप्त भइसकेका छन्, जसबाट यी बालीनालीको सेफ्टी या सुरक्षासम्बन्धी गम्भीर चिन्ता उत्पन्न हुन्छ । यदि तिनको उपेक्षा गरियो भने स्वास्थ्य तथा पर्यावरणको गम्भीर क्षति हुनेछ जसको पूर्ति हुन सक्तैन, जसलाई पुनः ठीक पार्न सकिँदैन । जिएम बालीनालीलाई अब सिधै अस्वीकृत गरिनुपर्दछ । यस्तो बालीनालीसँग सम्बन्धित खतराको सबैभन्दा अहम् पक्ष कैयौँ वैज्ञानिकहरूले के बताएका छन् भने जुन खतरा पर्यावरमा फैलिनेछ त्यसमा हाम्रो नियन्त्रण रहन पाउने छैन अनि ठूलो दुष्परिणाम सम्मुख आउँदा हामीले यसको क्षतिपूर्ति गर्न सक्ने छैनौँ । जेनेटिक प्रदुषणको गम्भीरता पत्ता लाग्दा यसका कारणहरूको खोजी गरेर तिनलाई नियन्त्रित गर्न सकिन्छ तर जेनेटिक प्रदूषण जुन पर्यावरणमा फैलिसकेको हुन्छ त्यो हाम्रो निणन्त्रणबाट बाहिर हुन जान्छ ।

केही समय पहिला भारतका एक प्रसिद्ध वैज्ञानिक प्रोफेसर पुष्प भार्गवको निधन भयो । उनी भारतको सेन्टर फर सेलेक्यूलर एन्ड मोलिक्युलर बायोलोजी हैदराबादका संस्थापक निर्देशक रहेका थिए र नेसनल नलेज कमिसनका उपाध्यक्ष पनि थिए । उनले यस्ता गम्भीर खतराकाप्रति खासगरी जिए बालीनालीको खतराप्रति पटकपटक चेतावनी दिएका थिए तीप्रति बहुतै सावधानी बर्तिनु अत्यावश्यक छ भनेका थिए । भारतको सर्वोच्च अदालतले प्रो.पुष्प भार्गवलाई 'जेनेटिक इन्जिनियरिङ कमिटी' (जिइएसी) को कार्यमाथि निगरानी राख्नका लागि नियुक्त पनि गरेको थियो । जस्तो किसिमले जिइएसीले बिटी बैगुन(भन्टा) लाई हतारहतारमा स्वीकृत दिएको थियो डा.पुष्प भार्गवले त्यसलाई अनैतिक तथा एउटा बहुत गम्भीर गल्ती बताएका थिए । उनले जेनेटिक रूपले सम्बन्धित (जेनेटिकल्ली मोडिफाइड) अर्थात जिएम बालीनालीको एकदमै स्पष्टरूपले र तथ्यगत आधारमा एकदमै प्रखरतापूर्वक विरोध गरेका थिए । अनि अर्को कुरा जिए खाद्य पदार्थका बारेमा के पनि सिद्ध भइसकेको छ भने यसबाट मूसाहरूमा क्यान्सर हुने गर्दछ । त्यसै लेखमा उनले अझ स्पष्ट शब्दमा भनेका थिए कि यदि हामी विज्ञानका लागि प्रतिबद्ध छौँ भने तथा आफ्ना नागरिकहरूलाई स्वस्थ भोजन उपलब्ध गराउन प्रतिबद्ध छौँ भने हामीले जसरी जिएम भन्टामा प्रतिबन्ध लगाएका थियौँ त्यसरी नै हामीले जिएम सर्स्यौंमाथि पनि प्रतिबन्ध लगाइदिनु पर्दछ र सबै जिएम बालीनालीलाई 'हुन्न' भन्नुपर्दछ जस्तो कि युरोपेली संघका १७ देशहरूले भनेका छन् ।

भारतका ती विद्वान वैज्ञानिक भार्गवले एउटा अर्को लेख (७ अगस्ट २०१४)मा

*बाँकी पृष्ठ ३ मा*

# कुन-कुन औषधि स्वास्थ्य चौकीमा सित्तैंमा पाइन्छ ?



कतिपय यस्ता औषधि छन्, जुन हामीलाई सामान्य रोगव्याधिमा जरूरी हुन्छ। यसमध्ये धेरैजसो औषधि निःशुल्क रूपमा वितरण हुन्छ। आफूलाई पायक पर्ने सरकारी अस्पताल वा स्वास्थ्य चौकीमा गएर यस्ता औषधि लिन सकिन्छ।

सामान्यतया ज्वरो आउँदा खाइने सिटामोलदेखि घाउचोट लाग्दा लगाइने बेटाडिनसम्म सित्तैंमा पाइन्छ। साथै गर्भनिरोधको अस्थायी साधनसम्म निःशुल्क रूपमा उपलब्ध हुन्छन्। नेपाल सरकारले देशभरका स्वास्थ्य संस्थाबाट विभिन्न ७२ थरीका औषधि सित्तैंमा दिने व्यवस्था गरेको छ।

यी औषधि देशभरका स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द् तथा सहरी स्वास्थ्य केन्द्रबाट लिन सकिन्छ। चिकित्सकको प्रेस्किप्सन देखाएर पनि आफूलाई आवश्यक औषधि लिन सकिन्छ। यसैगरी स्वास्थ्य चौकीमा प्रारम्भिक स्वास्थ्य जाँच गराएर यी औषधि लिन पाइन्छ।

## कति मात्रामा पाइन्छ सित्तैंमा औषधि ?

एन्टिबायोटिक औषधि ३ देखि ५ दिनसम्म खानै पर्ने हुन्छ। त्यहीअनुसार दिइने गरिन्छ। त्यसपछि फलोअपमा बोलाउने गरिन्छ। साधारण रूघाखोकीको औषधि बिरामीको प्रकृति हेरेर आवश्यकताअनुसार खान सल्लाह दिइन्छ। औषधि सकिएपछि पुनः आवश्यक परेमा फलोअपमा बोलाउने गरिन्छ।

निःशुल्क औषधि कति मात्रा दिने भन्ने कुरा ओपीडीमा बिरामीको जाँचपछि निर्क्योल गरिन्छ। निको नभएमा भने अस्पताल जान सुझाउने गरिन्छ।

घाउ, चोटपटक लागेर आएको बिरामीलाई निःशुल्क ड्रेसिङ गराउने, घाउ सुकाउने एन्टिबायोटिक, औषधि पनि दिने व्यवस्था छ। प्रायजसो घाउ सुकाउने औषधि लिनको लागि आउने गर्छन्।

## कुन रोगमा प्रयोग गर्ने ?

यहाँ पाइने औषधि प्रायः ज्वरो आएका बिरामी, पेटको सामान्य रोग जस्तै झाडापखाला हुँदा, वाकवाकी लाग्दा, रूघाखोकी लाग्दा चाहिने औषधि दिइन्छ। यसैगरी क्षयरोगको औषधि पनि निःशुल्क पाइन्छ। मानसिक समस्याको औषधि, परिवार नियोजनको साधन सित्तैंमा उपलब्ध हुन्छ। यसैगरी भिटामिन ए, जुकाको औषधि बालबच्चालाई ६-६ महिनामा निःशुल्क खुवाउने गरिन्छ। वयस्कहरूलाई आवश्यक भएमा जुकाको औषधि सित्तैंमा लैजान पाइन्छ।

## चिकित्सकको परामर्शमा मात्रै

जुनसुकै औषधि चिकित्सक वा स्वास्थ्यकर्मीको परामर्श लिनु जरूरी छ। सामान्य सिटामोल र एन्टिबायोटिक औषधि केही दिनको लागि धेरै जटिल लक्षण छैन भने स्वास्थ्यकर्मीले दिने गर्छन्। तर लक्षण धेरै खालका छन्। गम्भीर अवस्था बन्दै गएको छ भने अस्पतालमा जाँच गरेको र औषधि लेखिदिएको कागजात देखाएर यहाँ उपलब्ध भएका औषधिहरू दिइन्छ।

---

## *आणुवंशिक परिवर्तन . . .*

लेखेका थिए कि 'झन्डै पाँच सय अनुसन्धान तथा प्रकाशनहरूले जिएम बालीनालीको मानिस, अन्य जीवजन्तु तथा बोटबिरूवाको स्वास्थ्यमा हानिकरक असर हुने कुरा स्थापित गरेको छ। ती यस्ता वैज्ञानिकहरूको स्थापना हो जसको इमानदारीका बारेमा कुनै प्रश्न उठेको छैन'।

वैज्ञानिक भार्गवले चेतावनी पनि दिएका थिए कि केही मुट्ठीभर शक्तिशाली व्यक्तिहरूद्वारा आफ्नो र बहुराष्ट्रिय कम्पनीहरूको हितलाई जेनेटिकरूपमा परिवर्तित(जिए) बालीनालीको माध्यमबाट अगाडि बढाउन चाहन्छन् भने त्यसबाट सावधान रहनुपर्दछ। यस्तो प्रयासको अन्तिम लक्ष कृषि तथा खाद्य उत्पादनमाथि तिनको पूर्ण नियन्त्रण स्थापना गर्नु नै हो भन्ने उनको ठोस निष्कर्ष थियो।

*(इमेल प्राप्त लेख)*

---

# दमरोगबारे धेरै भ्रम छ, बिरामीले खानेकुरा बार्नु पर्दैन

दम श्वासप्रश्वाससँग सम्बन्धित समस्या हो। दमलाई रोग भन्दा पनि एउटा लक्षणको रूपमा लिन सकिन्छ। श्वासप्रश्वासमा दीर्घकालीन समस्या आयो भने दम हुने सम्भावना हुन्छ। श्वासप्रश्वासको समस्याबाट मुख्यतः दुई प्रकारको दम हुन्छ, सीओपीडी (दीर्घ दमरोग) र ब्रोन्कियल आस्थामा (दम-खोकी)।

श्वासनलीमा एलर्जी भएर सास फेर्न गाह्रो हुने अवस्थामा दम-खोकी अर्थात् ब्रोन्कियल आस्थामा भनिन्छ। यस्तो अवस्थामा श्वासनली साँघुरो हुने गर्छ। धुम्रपान गर्ने र धुँवा-धुलोमा लामो समय सम्पर्कमा आएका व्यक्तिमा भने कालान्तरमा सीओपीडी दम हुनसक्छ। यो धेरै मात्रामा देखिने दमको प्रकार हो।

दमको कारण पनि फरक-फरक हुन्छ। सबैभन्दा बढी मात्रामा देखिने सीओपीडी दमको कारण धुम्रपान र वायु प्रदूषण हो। लामो समय धुम्रपान गरेका मान्छे वा धुम्रपान गर्ने व्यक्तिको नजिक बसेका मान्छे र धेरै वायु प्रदूषणको सम्पर्कमा आउने व्यक्तिमा यो दम हुन्छ। केही व्यक्तिमा वंशाणुगत कारणले पनि दमको जोखिम हुन्छ।

वातावरणीय प्रदूषण, धुँवा धुलो, चिसो र विभिन्न प्रकारको एलर्जीको कारण दम-खोकी हुन्छ। धेरै धुँवा-धुलोमा काम गर्नुपर्ने व्यक्तिमा पेसागत जोखिमले पनि यसको जोखिम बढी हुन्छ। पहिले टीबी भएर वा निमोनिया भएर फोक्सोमा दाग भएका व्यक्तिमा पनि दम हुन्छ। केही व्यक्तिमा बाथको कारण फोक्सोमा समस्या भएर पनि दम हुन सक्छ। मुटु, किड्नी र रक्तअल्पता भएका बिरामीमा स्याँ स्याँ हुने र दमको समस्या हुन सक्छ।

## कसलाई बढी हुन्छ दम ?

सीओपीडी दम प्रायजसो ५० वर्ष उमेरमाथिका व्यक्तिमा देखिन्छ। लामो समयदेखि धुँवा-धुलोको सम्पर्कमा बसेका वा लामो समयदेखि धुम्रपान गर्ने व्यक्तिमा यो प्रकारको दम देखिन्छ।

बालबालिकालाई पनि दमको समस्या देखिन्छ। उनीहरूमा मुख्यतः वंशाणुगत कारणले दमको समस्या देखिन्छ। पटक-पटक फोक्सोमा संक्रमण हुने बालबालिकालाई पनि दम हुन सक्छ। यस्तै धेरै धुँवा-धुलोको सम्पर्कमा आउने बालबालिकामा पनि दमको जोखिम हुन्छ।

## दमको बिरामीले खाना बार्नुपर्छ ?

दमको बिरामीले यो खान हुँदैन, त्यो खान हुँदैन भनेको धेरै सुनिन्छ। तर ती सब मिथ्या कुरा हुन्। दमको कारक खानेकुरा नभएकाले खासै बार्न आवश्यक हुँदैन। दमका बिरामीले सन्तुलित भोजन र व्यायाममा भने विशेष ध्यान दिनुपर्छ। एन्टिअक्सिडेन्ट भएका सागपात फलफूल बढी मात्रामा खानुपर्छ।

सुन्तला, केरा लगायत फलफूल पनि दमका बिरामीले धेरै खान हुँदैन भनेको सुनिन्छ। यसमा पनि कुनै वैज्ञानिक आधार छैन। सुन्तला जस्ता फलफूलमा नै झन् एन्टिअक्सिडेन्टको मात्रा धेरै हुन्छ। त्यसैले दमका बिरामीले कुनै पनि फलफूल बार्नु पर्दैन।

दमका बिरामीले धुम्रपान गर्नु हुँदैन र धेरै चिसो खानेकुरा भने खानु हुँदैन।

## बच्ने उपाय

दमको जोखिमबाट बच्न धुम्रपान गर्दै नगर्ने, धुलो, धुँवाबाट सकेसम्म बच्ने, घरबाहिर निस्कन परे अनिवार्य मास्क लगाउने, धुँवा आउने चुलोको प्रयोग कम गर्ने, दैनिक व्यायाम गर्ने, एलर्जी हुने वस्तुबाट टाढा रहने र प्रदूषित हावाबाट बच्नुपर्छ।

## उपचार

दम उमेर ढल्किएपछि देखिने एउटा सामान्य समस्या हो, उपचार गरिरहनु पर्दैन भनेर धेरैले हेलचेक्र्याइँ गरेको देखिन्छ। तर लामो समयदेखि श्वासप्रश्वासमा समस्या छ, खोकी लागिरहन्छ। छाती दुख्छ, घ्यारघ्यार हुन्छ भने अस्पताल गएर दम हो कि होइन जाँच गर्नुपर्छ।

समयमै चिकित्सकको सल्लाह लिएर यसको उपचार गरियो भने यसबाट हुन सक्ने जटिलतालाई रोक्न सकिन्छ। दमको बिरामीलाई 'इनहेलर' भन्ने तान्ने औषधि दिइन्छ। यसको मुख्य उपचार भनेको 'इनहेलर' नै हो। दीर्घरोग भएकाले मधुमेह र उच्च रक्तचाप जस्तै दमको औषधि पनि लामो समयसम्म प्रयोग गर्नुपर्ने हुन्छ।

## जटिलता

दमको समयमा उपचार गरिएन भने शरीरमा अक्सिजनको मात्रा कम हुने कार्बनडाइअक्साइडको मात्रा धेरै हुने र घरमा नै अक्सिजन लगाएर बस्नुपर्ने समेत हुन सक्छ।

त्यसैले शरीरमा कार्बनडाइअक्साइडको मात्रा बढी भयो भने 'बिपाप' भन्ने मेसिन लगाएर बस्नुपर्ने हुन सक्छ। दम बढ्दै गयो भने यसले मुटुको दायाँपट्टिको भागलाई समेत असर गर्न सक्छ, जसले हृदयघात पनि गराउन सक्छ। दम निकै बढ्यो भने दम बिग्रिएर अस्पताल नै भर्ना हुनुपर्ने अवस्था पनि आउँछ। दम बढेकै कारण खुट्टामा रगत जम्ने समस्या, हेमोग्लोबिन बढी हुने जस्ता जटिलता पनि आउन सक्छ।

## जान्नैपर्ने कुरा

दमको बिरामीलाई मुखबाट तान्ने औषधि इनहेलर दिइन्छ। तर कतिपयमा यसले खराबी गर्छ, प्रयोग गर्नु हुँदैन भन्ने पनि भ्रम छ। तर दमको सबैभन्दा प्रभावकारी र कम साइड इफेक्ट भएको औषधि इनहेलर नै हो।

धेरैले चिकित्सकको सल्लाह बिना नै औषधि सेवन गर्न छाड्छन्। यसो गर्दा समस्या झन् जटिल हुन सक्छ। त्यसैले चिकित्सकको परामर्शमा औषधि निश्चित अवधिसम्म सेवन गर्नुपर्छ।






# थाहानगरका कर्मचारीलाई क्षमता अभिवृद्धि तालिम



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाका कर्मचारीहरूका लागि दुई दिने क्षमता अभिवृद्धि तालिम दिइएको छ। पालिकाको आयोजनामा १५ र १६ मंसिरमा बज्रवाराहीमा भएको तालिममा थाहा नगर पालिका नगरकार्यपालिकाको कार्यालय अन्तर्गतका महाशाखा तथा शाखा प्रमुखहरू र वडा सचिवहरूको सहभागिता रहेको थियो ।

पालिका र वडा कार्यालयबाट प्रवाह हुने सेवाप्रवाहलाई प्रभावकारी बनाउने र योजना कार्यान्वयनमा गुणस्तरीयता ल्याउने सीप र अभिलेख व्यवस्थापन लगायतको विषयमा केन्द्रित गरी तालिम संचालन गरिएको थियो । तालिमका सहभागीहरूलाई कम्प्युटरको आधारभूत जानकारी, प्रस्तुतीकरण निर्माण, इमेल इन्टरनेटको प्रयोगको विषयमा थाहा नगरपालिकाका प्रशासन महाशाखा प्रमुख अजित घिमिरे, सूचना प्रविधि अधिकृत भगिरथ कार्की, एमआइएस अपरेटर लक्ष्मण कण्डेलले सहजीकरण गरेका थिए ।

त्यसैगरी व्याकरण शुद्धाशुद्धीको विषयमा शिक्षा शाखाका शाखा अधिकृत माधवविक्रम मल्ल, आर्थिक प्रशासन तथा खरिद कानूनको विषयमा लेखम अधिकृत हरिब बहादुर खपाङ्गी, निर्णय निर्माण तथा स्थानीय तहमा सेवा प्रवाहको सवालहरूको विषयमा थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत होमनाथ काफ्लेले सहजीकरण गरेका थिए । तालिमका सहभागीहरूले कार्यालय व्यवस्थापन र सरकारी कार्यालयहरूमा 'डिजिटल प्लेटफार्म' को विषयमा भूमे गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चन्द्रसिंह श्रेष्ठले सहजीकरण गरेका थिए । कार्यक्रममा सहभागीहरूले दैनिक कार्यलय संचालन र सेवा प्रवाहका लागि तालिमले सजिलो बनाएको प्रतिक्रिया दिए । तालिम 'कन्टेण्ट' अनुसार अवधि कम भएकोले यसलाई वृहत्त रूपमा संचालन गर्नुपर्ने सहभागीहरूको भनाइ थियो ।

यसअघि १५ मंसिरमा तालिमको थाहानगर उपप्रमुख भरत गोपालीले उद्घाटन गरेका थिए। थाहा नगरपालिका सुशासन तथा संस्थागत विकास समितिका संयोजक विष्णु बहादुर गुरूङको सभाध्यक्षतामा भएको तालिम उद्घाटन समारोहमा प्रमुख अतिथी गोपालीले कर्मचारीलरूले प्रभावकारी सेवा प्रवाह गर्नसके मात्र जनप्रतिनीधिको शिर उचो रहने बताउँदै कर्मचारीको क्षतामा अभिवृद्धि सम्बन्धी कार्यक्रम आवश्यकता अनुसार संचालन गर्न आग्रह गरे । उनले कर्मचारीको क्षमता अभिवृद्धिका लागि जनप्रतिनीधिको् फर्बाट कुनै रोकावट नहुने बताए। थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत होमनाथ काफ्लेले तालिमको उद्देश्य बताएका थिए । उद्घाटन कार्यक्रममा वडा नम्बर ६ का वडाध्यक्ष रोजेन्द्रभक्त श्रेष्ठलगायतकाको आतिथ्यता रहेको थियो ।

# 'कोटा बाहेक थप रासायनिक मल ल्याउन पहल गर्छौं'-उपप्रमुख गोपाली

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाका उपप्रमुख भरत गोपालीले थाहानगरमा आएको मल समानुपातिक रूपमा वितरण भईरहेको बताएका छन् । नगर क्षेत्रका लागि कोटामा आउने अनुदानको मल भन्दा माग बढि भएकोले पुर्‍याउन कठिन भएको उप्रमुख गोपालीको भनाइ छ। 'नगरका किसानहरूको माग बमोजिम रसायनिक मल ल्याउनका लागि पहल गर्छौं'-उपप्रमुख गोपालीले भने ।

थाहा नगरपालिकालाई प्राप्त ४५ टन मल १४ मंसिरबाटै वितरण शुरू गरिएको बताइएको छ। मल वितरणको जिम्मा पाएका केहि सहकारीहरूले १५ मंसिरबाट वितरण गर्ने तयारी गरिरहेको



थाहा नगरपालिका कृषि शाखाका प्रमुख सञ्जय तिवारीले प्रतिक्रिया दिए । यस अघि थाहानगरलाई प्राप्त भएको ९० टन युरिया र ६० टन डिएपी वितरण गरिसकिएको र हालको ४५ टन पनि वितरण शुरू भईसकेको प्रमुख तिवारीले जानकारी दिए । माग अनुसारको सबै कोटा प्राप्त नभईसकेकोले अहिले अभाव देखिएको भए पनि कोटा अनुसारको मल ल्याउन र कोटा बढाउन समेत प्रयास भईरहेको पनि प्रमुख तिवारीले बताए ।

समयमै मल नपाएको भन्दै थाहा नगरका किसानहरू आक्रोशित भईरहदा शुरू भएको मल वितरणले किसानलाई राहत पुग्ने तिवारीको प्रतिक्रिया छ । आलु लगाउँने समय नजिकिँदै गर्दा पनि पर्याप्त रूपमा मल खरिद गर्न नसक्दा किसानहरू फेरि गत वर्ष जस्तै मर्कामा पर्ने सम्भावना बढेको भन्दै थाहा नगरपालिका वडा नम्बर ३ का किसानहरू एकीकृत भई नगरपालिकासँग छलफल गर्ने तयारी भएको थाहा ३ का किसान लक्ष्मण बर्तौलाले बताए ।

# हेटौंडा उपमहानगरको वडालाई बालमैत्री घोषणाको तयारी

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिकालाई बालमैत्री वडा घोषणाको लागि तयारी कार्यक्रम भएको छ । हेटौंडा उपमहानगरपालिका ३ नम्बर वडा कार्यालयको आयोजनामा बालमैत्री स्थानीय शासन नीतिगत प्रक्रियागत कार्यान्वयनका लागि अबलम्बन तथा घोषणा सम्बन्धी वडास्तरीय अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको हो ।

वि.सं. २०८० आश्विन मसान्त भित्र यस वडालाई वालमैत्री स्थानीय शासन वडा घोषणा गर्ने सर्बपक्षिय व्यक्तित्वहरूबाट प्रतिबद्धता व्यक्त गरिएको छ। कार्यक्रममा प्रशिक्षक विष्णु प्रसाद चौवे, स्वागत मन्तब्य वडा सदस्य एवम् सम्पर्क ब्यक्ति सविना विडारी, कार्यक्रमको उद्देश्य महिला वालवालिका विकास महाशाखा प्रमुख विष्णु कुमारि लामिछाने, सभाअध्यक्ष वडा अध्यक्ष ढलक बहादुर थापा, कार्यक्रम संचालन वडा सचिव महेन्द्र चापागाईंले गरेकी थिइन् ।

कार्यक्रममा यस वडाका पदाधिकारी, राजनैतिक दल, स्वास्थ्य संस्था प्रमुख, विद्यालयका प्रधानध्यापक, बिद्यालय व्यावस्थापन समितिका अध्यक्ष, महिला स्वास्थ्य स्वयंसेविका, बाल क्लवका पदाधिकारि, १५ वटा टोल विकास संस्थाका पदाधिकारिहरूको उपस्थिति र प्रतिबद्धता पत्रमा दस्तखत समेत भएको वडा नम्बर-३ का सचिब महेन्द्र चापागाँईले जानकारी दिए ।

हेटौंडा-काठमाण्डौं यात्राः

# 'सुमोको कण्डिशन खराब, ज्यान जोखिम'

◆ विकास संवाददाता

हेटौंडा-काठमाण्डौं ओहोर दोहार गर्ने सडक सधै निर्माणको चरणमा त्यसमाथी ठाउँठाउँमा कच्ची र धेरै जोखिमयुक्त सडक। त्यसमाथी टाटा सुमो चालकको अर्को टिप भ्याउनका लागि दगर्नुपर्ने बाध्यताका कारण पनि यस सडकमा निकै जोखिमपूर्ण यात्रा गर्नुपरेको यात्रुहरू वताउँछन् । यो सडक जोखिम र साघुरो भएकै कारण पनि धेरै दुर्घटा भएका छन् । हरेक वर्ष दुर्घटनाका कारण धेरैले ज्यान समेत गुमाउनु परेको छ । त्यसमाथी जोखिमपूर्ण यान्त्रिक अवस्था रहेका सार्वजनिक सवारी साधन हेटौंडा-काठमाडौं रूटमा चल्ने गरेको ट्राफिक प्रहरीको चेकजाँचमा भेटिएको छ। हेण्डब्रेक नभएका, लाईटहरू नभएका तथा कालो धुँवा फाल्ने ३० वटा सवारी साधनलाई ट्रूाफिक प्रहरीले सोमबार कारबाहीको दायरामा ल्याएको छ ।

चेकजाँचका लागि ट्राफिक प्रहरीले कीर्तिपुरमा रोकिराखेका सुमो लगायत गाडी २२ वटालाई जरिवाना गरिएको अन्य ८ वटालाई थप यान्त्रिक परीक्षणका लागि नियन्त्रणमा लिइएको काठमाडौं उपत्यकाका ट्रूाफिक प्रहरी कार्यालयका एसपी अवदेश बिष्टले बताए । काठमाडौँको किर्तीपुरमा सोमबार दिउँसो ट्रूाफिक प्रहरीले सार्वजनिक सवारी साधनको विशेष यान्त्रिक चेकिङ गरेको थियो। जस क्रममा अवस्था ठिक नभएका टाटा सुमो, फोर्स तथा पानी ट्याङकर लगायत सवारी साधनका चालकलाई ट्राफिक प्रहरीले कारवाही गरेको हो ।

# हेटौंडामा साहित्यकार तुलसी थापा सम्मानित

◆ विकास संवाददाता

बुढ्यौली साहित्य समाज मकवानपुरले वरिष्ठ साहित्यकार तुलसी थापालाई १७ मंसिरमा नगदसहित सम्मान गरेको छ । समाजको दोस्रो वार्षिक उत्सवको अवसरमा साहित्यकार थापालाई नगद २ लाख रूपैयाँसहित सम्मान गरिएको हो ।

थापाले मकवानपुर जिल्लामा रही लामो समयदेखि शिक्षा, स्वास्थ्य र सामाजिक क्षेत्रमा पुर्याएको योगदानको कदरस्वरूप सम्मान गरिएको आयोजक संस्थाका अध्यक्ष आरसी रिजालले जानकारी दिए। थापालाई कार्यक्रमका प्रमुख अतिथि एवं जिल्ला समन्वय समिति मकवानपुरका अध्यक्ष ललित घलान र विशिष्ट अतिथि व्यंग्यकार एवं एजिङ नेपालका अध्यक्ष कृष्णमुरारी गौतम 'चट्याङ मास्टर'ले दोसल्ला ओढाएर सम्मान गरेका थिए ।

कार्यक्रममा भक्तपुरका साहित्यकार कविराज घिमिरेको 'बुढ्यौली' खण्डकाव्यसमेत विमोचन गरिएको थियो। सो अवसरमा बुढ्यौली साहित्य समाज मकवानपुरले साहित्यकार तुलसी थापाको नाममा दुई लाख रूपैयाँको अक्षयकोषसमेत स्थापना गरेको छ । कोषबाट प्राप्त हुने ब्याज रकमले प्रत्येक वर्ष मकवानपुरमा रही साहित्य क्षेत्रमा कलम चलाउने एक साहित्यकारलाई सम्मान गरिने समाजका अध्यक्ष रिजालले बताए ।

# मृगौलापीडितलाई पालुङ जेसिजको आर्थिक सहयोग

◆ विकास संवाददाता

दुवै मिर्गौलाले कामै नगर्ने भएपछि काठमाडौंको नेपाल मेडिकल कलेजमा उपचार भैरहेको मकवानपुर थाहा नगर पालिका वडा नम्बर ३ कि बिना कुमारी तामाङको उपचारको लागि पालुङ जेसिजले आर्थिक सहयोग गरेको छ ।

आर्थिक अवस्था कमजोर रही उपचारमा क्रममा रहेकी तामाङलाई पालुङ जेसिज बर्ष २०२२ का पधाधिकारीहरूबाट रकम संकलन गरी आर्थिक सहयोग गरीएको जेसिज बर्ष २०२२ का महासचिव निरज रायमाझीले जानकारी दिए । रायमाझीले भने-'छोटो समयमा जेसिज मित्र तथा अन्य केहि सहयोगी मनहरूबाट १६ हजार ५ सय रूपियाँ संकलन गरी बिरामीका आफन्त सम्झना तामाङलाई हस्तान्तरण गर्‍यौं ।'

आर्थिक सहयोग हस्तान्तरण कार्यक्रममामा पालुङ जेसिज बर्ष २०२२ का अध्यक्ष जयराम खत्री, निवर्तमान अध्यक्ष नवराज लामालगायतका पदाधिकारीहरूको उपस्थिति रहेको थियो। पीडित परिवारले उपचारका लागि सहयोग गरिदिन सम्पूर्ण मनकारीहरूसंग आग्रह गरेको छ ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट

काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको व्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# एमाले सांसद बर्तौलालाई इन्द्रसरोवरमा 'मतान्तर बराबरको माला'



◆ विकास संवाददाता

मकवानपुर प्रतिनीधिसभा क्षेत्र नम्बर २ मा नेकपा एमालेबाट निर्वाचित सांसद महेश कुमार बर्तौलालाई इन्द्रसरोवर गाउँपालिकामा मतदाताहरूले भव्य स्वागत गरेका छन् । बर्तौलाले मतदाताहरूलाई धन्यवाद दिने क्रममा स्थानीयहरूले स्वागत गरेका हुन् ।

मतदाताहरूलाई धन्यवाद दिनका लागि पुगेका विजयी बर्तौलालाई स्थानीयहरूले मतान्तर बराबरको एम.एम.को माला लगाएर स्वागत गरेका हुन् । लोकतान्त्रिक बाम गठबन्धनका उम्मेदवार नेकपा एकीकृत समाजवादीका विरोध खतिवडालाई ४ हजार ५ सय २१ मतान्तरले पराजित गर्दै बर्तौला प्रतिनिधि सभा सदस्य पदमा निर्वाचित भएका थिए । मकवानपुर क्षेत्र नम्वर २ मा ८६ हजार ६ सय ५२ मत खसेको थियो । तीमध्ये बर्तौलाले ३४ हजार ९ सय १६ मत प्राप्त गरेका थिए ।

इन्द्रसरोवर गाउँपालिकाका विभिन्न स्थानमा भएको कार्यक्रममा बर्तौलाले मतदाताहरूलाई भेटेरै धन्यावद दिए । उनले जनताले दिएको मतको उच्च कदर गर्दै विकास निर्माण र निती निर्माणमा ध्यान दिने प्रतिवद्धता जनाए । कार्यक्रमहरूमा नेकपा एमाले इन्द्रसरोवर गाउँपालिका अध्यक्ष धनवीर स्याङ्तान, सचिव राजु बस्नेत लगायतका पदाअधिकारीहरू तथा जिल्ला कमिटि सदस्यहरूको समेत सहभागिता रहेको थियो ।

कार्यक्रमको एमाले इन्द्रसरोवर गाउँपालिकाले व्यवस्थापन गरेको हो । बर्तौलाले प्रतिनीधि सभा क्षेत्र नम्बर २ अन्तर्गतका पालिकाहरूमा पुगेर मतदाताहरूलाई धन्यवाद दिइरहेका छन् ।

# थाहानगरमा अन्तराष्ट्रिय अपाङ्ग दिवस मनाइयो

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगर पालिकाको विकास घरमा ३१ औं अपाङ्गता दिवस मनायएको छ । थाहा नगरपालिकाको सहयोग तथा अपाङ्ग सरोकार समिति थाहानगरको आयोजनामा दिवस मनाइएको हो ।

दिवसको अवसरमा अपाङ्ता भएकाहरूले आ–आफ्नो प्रतिभा समेत प्रस्तुत गरेका थिए । उनीहरूले गित तथा कविता सुनाएका थिए । अपाङ्ता भएकाहरको पिडा र उनीहरूलाई प्रदान गरिनूपर्ने हक अधिकारमा केन्द्रित गित र कविता सुनाएका हुन् । थाहा नगरपालिका वडा नम्बर ३ का वडाध्यक्ष हिरेन्द्र कुमार रायमाझीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा अथिगती तथा सहभागीहरूलाई थाहा नगरपालिका सामाजिक विकास समितिका सदस्य पवित्रासिं ठकुरीले स्वागत गरेकी थिइन् ।

कार्यक्रमका प्रमुख अथिती रायमाझीले पालिकाले योजना तर्जुमा र कार्यान्वयनमा अपाङ्गता भएकाहरूलाई ध्यान दिने बताए । उनले अपाङ्गको हक अधिकार स्थापित गर्न वडा तथा नगरबाट सँधै सकारात्मक रहने प्रतिवद्धता व्यक्त गरे । कार्यक्रममा थाहा नगरपालिका वडा नम्बर ४ का वडाध्यक्ष नारायण लामाको विशेष आतिथ्यता रहेको थियो भने थाहा नगरपालिकाका सूचना शाखा प्रमुख सुरजकुमार भुजेल, सामाजिक विकास शाखा प्रमुख अनिल लामिछाने, महिला तथा बालबालिका शाखा प्रमुख प्रतिमा मोक्तानलगायतकाको आतिथ्यता रहेको थियो ।

अपाङ्गता दिवसको अवसरमा कार्यक्रममा विभिन्न प्रतिभा प्रस्तुत गर्ने थाहा नगरपालिका वडा नम्बर ७ की डोल्मा थिङ, वडा नम्बर ६ का जंग बहादुर कपाली, वडा नम्बर १ का युद्ध बहादुर थोकर र वडा नम्बर १० का विकास थापामगरलाई कार्यक्रमका प्रमुख अतिथी रायमाझीले कदरपत्र हस्तान्तरण गरेका हुन् । कार्यक्रममा थाहानगर क्षेत्रका अपाङ्गता भएकाहरूको उपस्थिती रहेको थियो ।

# थाहानगरमा वास्तविक किसान अनुदानबाट जहिल्यै छलिन्छन्

◆ विकास संवाददाता

'थाहानगरको विकासको अधार, कृषि, पर्यटन र पुर्वाधार'– यो मकवानपुर थाहा नगरपालिकाको नारा हो । नगरपालिकाले नारालाई सार्थक बनाउनको लागि नारा केन्द्रित कार्यक्रमहरू त संचालन गरिरहेको छ तर, अझै ठोस गतिविधि हुन नसकेको सरोकारवालाहरू बताउँछन् ।

आर्थिक वर्ष २०७९/०८० को कुल १ अर्ब १७ करोड २ लाख १२ हजार ८६२ रूपियाँ बजेटमा पालिकाले निशर्ततर्फ जम्मा १ करोड २९ लाख रूपियाँ मात्र कृषिमा विनियोजित छ । यो बजेट भनेको १ प्रतिशत भन्दा पनि कम हो । कृषिमा ख्याती कमाएको थाहानगरमा कृषिलाई जसरी नारामा प्राथमिकता दिइएको देखिन्छ तथ्याङ्क अनुसार बजेटमा प्राथमिकता नपाएको प्रष्ट छ । नगरपालिकाबाट कृषकमा प्रवाह हुने अनुदान/सहायतालाई कृषि विकास शाखाले व्यवस्थापन गर्न नसकेको किसानहरूको गुनासो छ । जिल्लास्तरमा कृषि विकास कार्यालय खारेज भई स्थानीय तहमा त्यसको सम्पुर्ण अधिकार आइसक्दा पनि नगरपालिकाको कृषि विकास शाखा प्रमुखको भूमिका किसानको माग बमोजिम छैन । कृषि नीतिमा निर्माण प्रस्ताव गर्न र कार्यान्वयनमा शाखा कमजोर छ । कृषि विकास शाखा नगर पालिकाबाट विनियोजित वार्षिक बजेट तथा कार्यक्रम संचालन गर्नमा मात्र केद्रित रहेको छ । यस बाहेकका गतिविधिमा शाखा चनाखो नभएको किसानहरूको भनाइ छ ।

नगरपालिकाबाट वितरण हुने अनुदान तथा राहतका कार्यक्रमलाई कृषि विकास शाखाले कृषक समूह तथा फर्म केन्द्रित गरेसंगै वास्तविक किसानहरूले स्थानीय सरकारबाट पाउने सेवा सुविधामा आफुहरू छलिएको प्रतिक्रिया दिएका छन् । नगरपालिकाबाट अनुदान तथा सहायकता समूहलाई मात्र केन्द्रित गर्न थालेपछि आफूहरू कृषिमै निर्भर भई काम गर्दा पनि त्यस्तो सहायताबाट थाहा नगरपालिका वडा नम्बर २ इन्द्रायणी वस्तीका किसानहरू वञ्चित भैरहेका छन् । एक किसानले भने–'नगरपालिकाबाट अधिकांश कृषकका लागि सहायकताको कार्यक्रम खेतीपातीमै खटिने कृषकलाई भन्दा पनि कृषि समूह केन्द्रित हुँदा वास्तविक किसान चाहिँ लाभबाट वञ्चित हुनु परेको छ ।' थाहा नगरपालिकाको सृजना वस्ती, रायमाझी गाउँ, लगायतका धेरै गाउँटोल जहाँ अधिकांश कृषकहरूको बसोबास छ त्यस क्षेत्रका किसानहरू सँधै नगरपालिकाको अनुदान पाउने सूचना सुन्छन्, पढ्छन् तर, उनले कहिल्यै लाभ पाउँदैनन्, पाएका पनि छैनन् ।

हुनतः संघीय सरकारले नै कृषक परिचय पत्र वितरण समेत कार्यान्यवनमा ल्याउने महत्कांक्षी योजना नल्याएको भने होइन । यसमा थाहा नगरपालिकाले पनि सीमित स्रोतबाट केही वडाहरूमा किसान परिचयपत्रको काम शुरू गरेको शाखा प्रमुख सञ्जय तिवारीले बताए । यसको पनि कार्यान्वयन भने सबल हुन सकेन । तर, अधिकांश किसानको बसोबास र हेको थाहानगरबासीलाई किसान हुन् भनेर नगरपालिका कृषि विकास शाखा आफैले स्वीकार्न नसकेको कृषक निरोज प्रधानको प्रतिक्रिया छ । उनी भन्छन्–'यदि नगरका खेतीपाती गर्ने सबै कृषक हो भन्ने ठानेको भए नगरबाट पाउने सुविधाका लागि दरखास्त दिन सबै योग्य हुन्थे ।' कृषक प्रधानका अनुसार जो बढि खेतीपाती गर्छन् उनीहरूले कहिल्यै अनुदान र सहायता पाएका छैनन् भने पछाडि पारिएका भनिने समुदायको प्रतिनीधित्व प्रायः शुन्य रहेको छ । उनीहरू समूहका गतिविधिमा भन्दा पनि कृषि कर्ममै व्यस्थ छन् ।

थाहा नगरपालिकाको नगर प्रोफाइल–२०७४ अनुसार ६३.८५ प्रतिशत जनसंख्या कृषिमा निरर्भर छन् । नगरको तथ्याङ्कमा भएका किसानले अनुदान तथा सहायता पाउनुपर्ने अधिकारबाट वञ्चित छन् । नगरको अनुदान सहायता पाउन कृषक समूह वा फार्ममा आवद्ध हुनुपर्ने नियम नै भएको थाहा नगरपालिका कृषि विकास शाखाका प्रमुख सञ्जय तिवारी बताउँछन् । यद्यपि, नगरपालिकाले कृषक समुह गठन तथा व्यवस्थापन निर्देशिका पास भएपनि अक्षरशः पालना छैन । नगरपालिकाले बिना निर्देशिका कृषक समुहहरूलाई साविक जिल्ला कृषि विकास कार्यालयको निरन्तरता स्वरूप प्रमाणपत्र जारी गरिरहेको छ । वि.सं. २०७५ पौष १२ गते मन्त्रीस्तरीय निर्णय गरी निर्देशिकाको नमुना सबै स्थानीय तहहरूमा पठाएको भएपनि थाहा नगरपालिकाबाट अक्षरशः कार्यान्वयन भएको छैन । निर्देशिकाको दफा १२ को उपदफा ४ अनुसार कृषक समूह दर्ता गरी प्रमाणपत्र दिने व्यवस्था नमुनामा उल्लेख छ ।

कृषि विकास शाखा प्रमुख तिवारी भन्छन्–'नगरले मात्र होइन जोनले पनि समुह र फार्मलाई मात्र अनुदान दिन्छ, हामी यस नियमलाई, हटाउन सक्दैनौं ।' जोनले भने आफ्नो प्रमाणित कार्यविधिको अनुसार अनुदान सहायता वितरण गरेको हो । तर, नगरपालिका कृषि विकास शाखाले भने संघीय तथा प्रदेश कानुनसंग नबाझिने गरी प्राप्त नमुना निर्देशिकाको आधारमा ठाउँ अनुकुल निर्देशिका बनाउन सक्नेछ तर, बनाएको छैन । नीतिगत रूपमै समूहममा आवद्ध भएका र कृषि फार्म भएका किसानलाई बाहेक अनुदान सहयोग गर्न नमिल्ने बताउँदै कृषि प्रमुख तिवारी समूह गठनको माग गरे कृषि प्राविधिकले सहयोग गर्ने बताएँछन् । उनी आफू जिम्मेवारीबाट पन्छिन खोज्दै थप्छन्–'तीन तहको सरकार छ, सबैले नीति, नियम बनाउन मिल्छ, हामी त कर्मचारी हौं, हामीले नियम बनाउन मिलेन, बनेको नियमलाई कार्यान्वयन गर्ने हो ।' थोरै प्राविधिक जनशक्तीबाट धेरैलाई सेवा पुगोस् भनेर नै समुहको नियम ल्याएको तिवारीको जिकिर छ । उनले समूहबाट अनुरोध आए मात्र अनुदान दिन सकिने दोहोऱ्याए । 'हामी पहिले घरघरमा पुगेर हात जोडेर समूह बनाउनु बनाउनु भन्थ्यौ तर यसरी सधै भनेर सकिदैन, समूह बनाउन कत्ती पनि गारो छैन, मिलेर आए हामी दर्ता गरिदिन्छौं'–तवारीले भने । तिवारीलाई कृषि शाखाको प्रगती सोधे फाँटका प्लाष्टिक टनेल देखाउँदै भन्छन्–'हामीले गरेको सप्पै ।' तर किसानहरूले आफैले उद्यम गरेको उनी कहिल्यै देख्दैनन् । बरू, किसानहरूका लागि प्राविधिक सेवा पुऱ्याउने उद्देश्यले पालिकाले कृषि प्राविधिक राखेको वडाको अनुगमन गर्न पुग्छन् । नगरपालिकाको केन्द्र रहेको वरीपरीको वडा उनको प्राथमिकतामा मै नपर्ने किसानहरूको गुनासो छ ।

हरेक महिनाको १० गते कृषक समुहको बैठक हुन्छ, त्यहाँ आउने किसानलाई नगरपालिकाको सहयोगको विषयमा कृषि प्राविधिकहरूले बुझाइदिने कृषि शाखाको प्रतिक्रिया छ । बैठकमा समूह र फर्ममा आवद्ध भएका किसानलाई बाहेक अन्य कृषकलाई निमन्त्रणा नै हुँदैन । वि.सं. २०६८ को जनगणना अनुसा ४१ हजर ६ सय २३ जनसंख्या रहेको थाहानगरमा २ हजार ९ सय ७४ जना मात्र कृषक समुहमा आवद्ध छन् । यो अभिलेख थाहानगरले जिल्ला समन्वय समितिको आयोजनामा हेटौंडामा भएको वार्षिक समिक्षामा प्रस्तुत गरेको विवरण हो । यो तथ्याङ् अनुसार ७.१४ प्रतिशत मात्र किसान समूहमा आवद्ध छन् । थाहाको नगर प्रोफाइल–२०७४ अनुसार ६३.८५ प्रतिशत कृषक रहेको तथ्याङ्क छ । यस अनुसार नगरका करिब ५६.७१ प्रतिशत कृषक स्थानीय सरकारबाट पाउने लाभबाट वञ्चित भएका छन् । थाहा नगर पालिकामा कुल १ सय ३२ वटा कृषक समूहहरू रहेका छन् । सबैभन्दा बढि वडा नं. ७ मा १९ वटा रहेका छन् भने कम वडा नम्बर ५ मा २ वटा मात्र र हेको प्रस्तुत तथ्याङ्कमा उल्लेख छ । तथ्याङ अनुसार नगरका कुल महिला २१ हजार ८२१ मध्ये एकजार ५०४ र कुल पुरूष १९ हजार ८११ मध्ये एकहजार ४७० मात्र कृषक समुहमा आवद्ध छन् ।



विकास खबरपत्रिका साप्ताहिक
प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
२०७९ मंसिर १९ गते सोमबार, 05 Dec. 2022, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७


# विकास गाउँतिर, लाभग्राही वेशी झरे

◆ विकास संवाददाता

मकवानपुरका बिकट गाउँमा बस्ती रित्तिँदै छन् । गाउँपालिकाहरूले विकासका पूर्वाधार गाउँसम्म पुर्याउनका लागि जोडबल गरिरहेका छन् । तर, पनि गाउँ बस्ती भने शहर केन्द्रीत हुन थालेका छन् । स्थानीय गाउँपालिकाहरूले गाउँमा विकास लैजादै गर्दा बस्ति वेसीतिर झर्न पुर्याउने काम भइरहेको छ । तर, बस्ती भने डाँडाँकाँडाबाट बेसी झर्न झालेको स्थानीय वासिन्दाहरू वताउँछन् । ती गाउँमा बसाइँ सरेर खाली रहेका सयौं घरमध्ये छिटफुट रूपमा बसोबास गर्दै आएका स्थानीयमा उल्लास छैन । डाँडाबाट नियाल्दा बाक्लै बस्ती देखिन्छ । तर, त्यहाँ पुग्दा खण्डहर घर



थालेका हुन् । मकवानपुरको मकवानपुर गढी गाउँपालिका, कैलाश गाउँपालिका, इन्द्रसरोवर गाउँपालिका, बकैया गाउँपालिका, बागमती गाउँपालिका लगायतका क्षेत्रको पनि बिकट क्षेत्रका नागरिकहरू सुबिधा खोज्दै डाँडाकाँडाबाट तल बेसीतिर झनै थालेका हुन् । आफ्ना खतबारी बाझै राखेर भएपनि र पुरानाघरहरू त्यसै खाली छोडेर पनि यहाँका वासिन्दाहरू बेसी झर्न थालेका हुन् । मकवानपुरको मकवानपुरगढी गाउँपालिका वडा नम्बर-५ को नयाँगाउँ शिरान, खैरेनीको लेक लगायतका क्षेत्रका वासिन्दाहरू बेसी झरेकाले घरहरू रितै रहेको त्यहाँका स्थानीय नबराज हुमागाईले वताए ।

मकवानपुरका स्थानीय तहरूले किसानलाई गाउँमै बसेर काम गर्ने वातावरण तयार पार्नका लागि पशुपालन, बाख्रा पालनमा अनुदान दिदै आएको छ । खेती किसानी गर्नका लागि पनि गाउँपालिकाहरूले सहजताका लागि काम गर्दै आएका छन् । गाउँमा सडक निर्माण, बिजुली पुर्याउने, खानेपानीका सुबिधा र मानव शून्य छ । खासगरी बसाइँसराइको चरम चपेटा भोग्दै आएका गाउँबस्तीमा सीमित संख्यामा बसोबास र हेका घरआँगनमा छरछिमेकको रिक्तताले सिंगो बस्ती शून्य-शून्य देखिन थालेको छ । गाउँमा बसाइँ सरेर खाली रहेका सयौं घरमध्ये छिटफुट रूपमा बसोबास गर्दै आएका स्थानीयमा उल्लास छैन । बाँकी बस्तीमा पनि भुसको आगो सल्किएझैं बसाइँसराइको क्रम बिस्तारै सर्दैछ । २/३ पुस्तादेखि बस्दै आएको गाउँघरलाई पछिल्लो पुस्ताले चटक्कै त्याग्दैछ । साविकको कुरूलेतेनुपा गाविसको गैरि गाउँ, बाजथला, ठूलागाउँ पूरै खाली भइसक्यो भने पनि हुन्छ ।

त्यसै छोडिएका कैयौं घर भत्किएका छन् त केही सग्ला घरको ढोकामा ताला लागेको छ । अधिकांश फुसले छाएका घर भएकोले सहजै भत्किन थालेका छन् । पछिल्लो केही वर्षभित्र बसाइँसराइको लहरले अधिकांश बस्ती शून्य बन्दै गएको गाउँपालिकाको कार्यालयमा रहेको तथ्यांकले पुष्टि गर्दछ ।

# ६ हजारको नजिक पुगे डेंगु संक्रमित

◆ विकास संवाददाता

मकवानपुरमा डेंगु संक्रमितको संख्या ५ हजार ८ सय २२ जना पुगेको स्वास्थ्य कार्यालय मकवानपुरले जानकारी दिएको छ । उक्त तथ्यांक गत साउन महिनादेखि १८ मंसिरसम्मको हो । जसमध्ये डेंगु संक्रमण हुनेमा महिला भन्दा पुरूष बढी छन् । ३ हजार १ सय ८९ जना पुरूष र २ हजार ६ सय ३३ जना महिलामा संक्रमण भएको कार्यालयले जनाएको छ । जिल्लाका १० स्थानीय तहमध्ये सबैभन्दा धेरै डेंगु संक्रमित हेटौंडा उपमहानगरपालिका भित्रका छन् ।

हेटौंडामा मात्रै २ हजार ३ सय ८८ जना पुरूष र १ हजार ९ सय ४४ जना महिला गरी ४ हजार ३ सय ३२ जनामा डेंगु संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालयले जानकारी दिएको छ । डेंगु संक्रमण पुष्टि हुनेमा मनहरी गाउँपालिकामा १ हजार २८ जना, थाहा नगरपालिकामा १ सय ८ जना पुरूष र ६७ जना महिला गरी १ सय ७५ जना, मकवानपुरगढी गाउँपालिकामा ७९ जना, बागमती र कैलाश गाउँपालिकाका ८/८ जना रहेका छन् । इन्द्रसरोवर गाउँपालिकाका ३ जना, भीमफेदी गाउँपालिकामा ५८ जना, बकैया गाउँपालिकामा ४६ जना, राक्सिराङ गाउँपालिकमा २४ जनामा संक्रमण देखिएको जनाइएको छ । हाल ठेगाना नखुलेका ३५, अन्य जिल्लाका २५ जनालाई संक्रमण पुष्टि भएको छ ।

लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान

हिंसा विरुद्ध सार्वजनिक सन्देश

घरेलु हिंसा, बलात्कार, कुटपिट, बोक्सी आरोपमा गाउँ निकाला, दाइजो प्रथा, बहुविवाह, बालविवाह, जबरजस्ती करणी, र अन्य मानसिक तथा शारीरिक यातना, अपहेलना र धम्क्याउनेदेखि जिस्क्याउने कार्य सामाजिक तथा कानूनी अपराध हुन् ।

कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं ।

थाहा नगरपालिका
महिला तथा बालबालिका शाखा
इन्द्रायणी चौर, मकवानपुर

लैङ्गिक हिंसा र दुर्व्यवहार : छैन हामीलाई स्वीकार

आउनुहोस् हामी सबै महिला माथि हुने हिंसा विरुद्धको अभियानमा सहभागी बनौं । घरघरबाट शुरु गरौं, महिला हिंसा अन्त्य गरौं ।
२०७९ मसिर ९ गतेदेखि मसिर २४ गतेसम्म हुने लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सफल पारौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी